म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १६७ शुक्रबार १२ माघ २०८० ने. सं. ११४४ पोहेलागा 26 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागुऔषध गाँजा र नगदसहित एकजना नियन्त्रणमा

हेटौंडा, ११ माघ/मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाबाट प्रहरीले लागुऔषध गाँजा र नगदसहित एक जनालाई नियन्त्रणमा लिएको छ । थाहा नगरपालिका-८ गल्छीबाट प्रहरीले धादिङ किरानचोक-४ घर भई हाल गजुरी गाउँपालिका-८ महादेवखर्क बस्ने ४३ वर्षीय सानुकान्छा स्याङ्तानलाई १० किलो लागुऔषध गाँजा र ७५ हजार रुपैयाँसहित नियन्त्रणमा लिइएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

विशेष सूचनाको आधारमा बुधबार ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी निरीक्षकको टोलीले पैदलयात्री स्याङ्तानलाई जाँचगर्दा परिमाणको लागुऔषध गाँजा र नगद फेला पारेको थियो । स्याङ्तानलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

हेटौंडामा राष्ट्रियसभा निर्वाचन

# बागमतीमा सत्ता गठबन्धनका चारै जना उम्मेदवार विजयी

निशा गुरुङ

हेटौंडा, ११ माघ/ हेटौंडा उपमहानगरपालिका-४, स्थित भुटनदेवी माविको भवनमा भएको राष्ट्रियसभा निर्वाचनमा चारैजना सत्ता गठबन्धनका उम्मेदवार विजयी भएका छन् ।

राष्ट्रियसभा निर्वाचन अन्तर्गत बागमती प्रदेशमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)को गठबन्धनका चारजना उम्मेद्वार निर्वाचित भएका हुन् । राष्ट्रिय सभामा बागमती प्रदेशको रिक्त हुने ४ सिटका लागि बिहीबार हेटौंडामा निर्वाचन भएको थियो । नेपाली कांग्रेसका जीतजङ्ग बस्नेत र विष्णुदेवी पुडासैनी, नेकपा माओवादी केन्द्रका श्रीकृष्ण अधिकारी र नेकपा एकीकृत समाजवादीका घनश्याम रिजाल विजयी भएका छन् ।

अन्य क्लस्टरमा कांग्रेसका बस्नेतले ६ हजार ५ सय ३१, महिला क्लस्टरमा कांग्रेसकै पुडासैनीले ६ हजार ६ सय २२ मतभार पाएर विजयी भए । अपाङ्गता/अल्पसंख्यक क्लस्टरमा माओवादी केन्द्रका अधिकारीले ६ हजार ३ सय ८३ र दलित क्लस्टरमा एकीकृत समाजवादीका रिजालले ६ हजार ५ सय १२ मतभार पाएर निर्वाचित भएको निर्वाचन अधिकृत श्रीप्रसाद सन्जेलले जानकारी दिए । निर्वाचनमा १ सय १० सदस्यीय बागमती प्रदेशसभातर्फ १ सय ८ जना प्रदेशसभा सदस्यले र स्थानीय तहका २ सय ३७ जना मतदातामध्ये २ सय ३४ जनाले मतदान गरेका थिए ।

बागमती प्रदेशबाट एमालेका दिलकुमारी रावल र रामचन्द्र राई, एकीकृत समाजवादीका सिंहबहादुर विश्वकर्मा र स्वतन्त्र सांसद खिमलाल देवकोटाको पद रिक्त हुन लागेको हो । उनीहरुको कार्यकाल २० फागुनमा सकिँदै छ ।



कार्यकाल अगावै निर्वाचन गरिसक्नु पर्ने भएकाले माघमै निर्वाचन भएको हो । निर्वाचनबाट एमालेले बागमतीको दुई सिट गुमाएको छ । देशभर १९ सिटका लागि भएको राष्ट्रियसभा निर्वाचनमा एमालेबाट कोशी प्रदेशमा रुक्मणी कोइरालाले मात्रै जितेकी छन् । कोशीमा अन्य क्लष्टरमा गठबन्धनकै कृष्ण सिटौलाले जिते । कोशीको महिला क्लष्टर बाहेकका १८ सिटमा गठबन्धनका उम्मेदवार निर्वाचित भए ।

बागमतीको रिक्त चार सिटका लागि ६ दलका १५ जना चुनावी प्रतिस्पर्धामा थिए । नेकपा एमालेबाट अन्यमा काठमाडौंका विवेक देवकोटा, महिला क्लस्टरमा दोलखाकी रोजकुमारी चौलागाईं, दलित क्लस्टरमा धादिङका ध्रुव विश्वकर्मा र अपाङ क्लस्टरमा चितवनका त्रिलोचन निर्मल पौडेल उम्मेदवार थिए । बागमतीमा जितका लागि मतभार निक्कै कम भएपछि एमालेले चर्चित अनुहारलाई प्रतिस्पर्धामा उतारेको थिएन ।

राप्रपाबाट अन्य क्लस्टरमा काठमाडौंका हेमजङ्ग गुरुङ, महिला क्लस्टरमा मकवानपुरकी बालकुमारी डल्लाकोटी र अपाङ्गता/अल्पसंख्यक क्लस्टरमा चितवनका भरतमणि भट्ट उम्मेदवार थिए । नेपाल मजुदर किसान पार्टीबाट अन्य क्लस्टरमा काठमाडौंका श्रीकृष्ण महर्जन, महिला क्लस्टरमा भक्तपुरकी कृष्णलक्ष्मी दुवाल र दलित क्लस्टरमा भक्तपुरकी संगीता नेपाली उम्मेदवार थिए ।

निर्वाचनको नतिजा मतभारका आधारमा टुंगो लगाइएको हो । मतदाता रहने प्रदेशसभा सदस्यको ५३ मतभार र स्थानीय तह प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको १९ मतभार हुन्छ । प्रदेशसभातर्फको १ सय १० जना सदस्यको कुल मतभार ५ हजार ८ सय ३० हुन्थ्यो । स्थानीय तहका २ सय ३७ जना मतदाताको कुल मतभार ४ हजार ५ सय ३ हुन आउँदा राष्ट्रियसभा निर्वाचनमा बागमती प्रदेशको कुल मतभार १० हजार ३ सय ३३ थियो ।

कांग्रेस, माओवादी र एकीकृत समाजवादीको गठबन्धनको कुल मतभार ६ हजार ७ सय ३२ थियो । जुन निर्वाचनमा जितका लागि पर्याप्त थियो । बागमतीमा एमाले, राप्रपा र नेमकिपा छुट्टाछुट्टै चुनावी प्रतिस्पर्धामा थिए । तर, पनि एमाले, राप्रपा र नेमकिपाको मतभार जोड्दा मात्रै पनि गठबन्धनको भतभार करिब दोब्बर हुन्थ्यो । गठबन्धनको कुल मतभारमा एमाले, राप्रपा र नेमकिपाको जोडिएको कुल मतभार घटाउँदा ३ हजार २ सय ५७ मतभार फरक आउँथ्यो । जसकारण अंकगणितलाई आधार मान्दा पनि गठबन्धनका उम्मेदवारको जित निश्चित थियो ।

### बालेनदेखि प्रहरीको फरार सूचिमा रहेका अध्यक्षसम्म अनुपस्थित

राष्ट्रियसभा निर्वाचन अन्तर्गत बागमती प्रदेशको रिक्त हुने ४ सिटका लागि भएको मतदानमा ५ जना मतदाता अनुपस्थित भए ।

निर्वाचनमा बागमती प्रदेशसभाका २ र स्थानीय तहका ३ गरी ५ जना मतदाता अनुपस्थित भएका निर्वाचन अधिकृत कार्यालयले जानकारी दिएको छ । १ सय १० सदस्यीय बागमती प्रदेशसभातर्फ १ सय ८ जना प्रदेशसभाका सदस्यहरुले मतदान गरेका छन् । स्थानीय तहका २ सय ३७ जना मतदातामा २ सय ३४ जनाले मतदान गरेका थिए । दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्षको निधन भएकाले स्थानीय तहका प्रमुख र उपप्रमुख गरी २ सय ३८ मतदाता हुनुपर्नेमा २ सय ३७ मतदाता कायम थिए ।

काठमाडौं महानगर पालिकाको मेयर बालेन शाह पनि मतदान गर्न हेटौंडा आएनन् । २ सय ३७ मतदातामध्ये नुवाकोटको किस्पाङ गाउँपालिकाको अध्यक्ष बीर बल तामाङ प्रहरीको फरारसूचिमा रहेकाले अनुपस्थित भएका छन् । उनलाई चेक अनादर मुद्दामा प्रहरीले खोजी गरिरहेको छ । यसैगरी, काभ्रेको चौरीदेउराली गाँउपालिकाको उपाध्यक्ष शेबहादुर लामा सिकिस्त बिरामी रहेकाले मतदानमा सहभागी भएनन् । बागमती प्रदेशसभातर्फ हाम्रो नेपाली पार्टीका सांसद शैलेन्द्रमान बज्राचार्य र सरिता खड्की अनुपस्थित भए ।

# कुष्माण्ड सरोवर त्रिवेणीधाममा मकरमेला जारी

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/एक महिने मकरमेलाका क्रममा कुष्माण्ड सरोवर त्रिवेणी धाममा बिहीबार प्रा.डा. कान्ता भट्टराईले दार्शनिक प्रवचन दिएकी छन् ।

नियमित श्रीमदभागवत कथाप्रवचनका आलावा विभिन्न विद्वानबाट दार्शनिक प्रवचनसमेत भइरहेको त्रिवेणीधाम विकास समितिका अध्यक्ष ईश्वरीप्रसाद न्यौपानेले जानकारी दिए । यसैक्रममा विदूषि प्रा.डा. भट्टराईबाट प्रवचन भएको हो । प्रवचनका क्रममा डा भट्टराईले व्यवहारिक र अति ज्ञानवर्द्धक प्रवचन गरेको सहभागी भक्तजनहरुले बताएका छन् । यसैगरी शुक्रबार राष्ट्रिय धर्मसभाका अध्यक्ष प्राध्यापक डाक्टर माधवप्रसाद भट्टराईले दार्शनिक प्रवचन दिने अध्यक्ष न्यौपानेले जानकारी दिएका छन् ।

प्रा.डा. भट्टराईको मुखार बिन्दबाट हुने प्रवचन श्रवणका लागि सम्पूर्ण श्रद्धालुभक्तजनमा हार्दिक निमन्त्रणा गरिएको छ । यसअघि बुधबार पण्डित कुवेर सुवेदीबाट प्रवचन भएको थियो । धाममा एकमहिने मेलाका क्रममा पण्डित गोपाल चालिसे, यदुनाथ अधिकारी, मनिषशरण खनाल, जीवराज बखेलले कथा प्रवचन गरिरहेका छन् । बिहीबार त्रिशक्ति महाकाब्य लेखक चेतप्रसाद पौडेलले पनि भक्तजनका सामु आफ्नो भनाइ राखेका थिए ।




## चिउरी र चमेरो संरक्षण कार्यक्रम गर्ने निर्णय



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेश मन्त्रिपरिषद् बैठकले यस प्रदेशमा बसोबास गर्ने चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम गर्ने निर्णय गरिएको छ ।

बिहीवार बसेको बैठकले समुदायमा आधारित एक वडा एक कृषिउत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत गरेको छ । यसैगरी बागमती प्रदेशस्तरीय ज्येष्ठ नागरिक नीति, २०८० स्वीकृत गर्ने निर्णय गरेको हो । बैठकले शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८० स्वीकृत गर्ने, सञ्चार रजिस्ट्रारको कार्यालयका लागि भवन उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गर्ने लगायत निर्णय गरिएको प्रदेश सरकारका प्रवक्ता गंगानारायण श्रेष्ठले जानकारी दिएका छन् ।






साझाकुरा

## हाम्रो कुरा

# मकवानपुरगढीमा विजयउत्सव

मकवानपुरगढी राज्यमाथि आक्रमण गर्न आएका मुगल सेनालाई पराजित गरेको दिनका रुपमा बुधवार २६१ औं विजयउत्सव मनाइएको छ । गाउँपालिकाको २ नम्बर वडाको आयोजनामा विजयउत्सव मनाइएको हो । पृथ्वीनारायण शाहको गोर्खाली सैनिकले मुगल सेनालाई पराजित गरेको दिनलाई मकवानपुरगढीमा हरेक वर्ष विजयउत्सव मनाउँदै आइरहेको छ । विगतमा विजयउत्सव मनाउने गरिएको थिएन । गाउँपालिकामा जनप्रतिनिधि आएपछि विजयउत्सवलाई मनाउन लागिएको हो । मकवानपुरगढीमा मुगल सेनालाई आक्रमणका लागि ल्याउने गढीकै तत्कालीन सेन वंशीय राजा दिग्वन्धन सेन रहेको इतिहासमा उल्लेख छ । आफ्ना जेठानसमेत रहेका दिग्बन्धनलाई पृथ्वीनारायण शाहले यहाँबाट भगाएपछि उनी मुगल सेना लिएर पुन: गढी प्राप्तिका लागि लड्न आएका थिए । मिर कासिमसँग वार्ता मिलेपछि युद्द गर्न वंगाली सेनाको फौज सहित दिगबन्धन सेन मकवानपुर गढीतर्फ आएको इतिहासमा पाइन्छ । राजा दिगबन्धन सेन चुरियामाईसम्म आएर पछि हटेका थिए । चुरियामाई डाँडा काटेर १८१९ पौष २७ गते मीर कासिमको फौजले हर्नामाडीचौकी आक्रमण गरेको थियो ।

आक्रमणमा करिब ३ हजार फौजी खटाइएको थियो । यसरी आक्रमण गर्न आएको कुरा दहचोकगढीमा बसेका राजा पृथ्वीनारायण शाहलाई रातारात खबर पुग्यो । त्यसबखत पृथ्वीनारायण शाह कटेरी गैरीगाउँबाट मकवानपुरगढी चढ्नको लागि सजिलो बाटो बनाईरहेको इतिहासमा उल्लेख गरिएको छ । गोर्खाली सेनाहरु गएर मिर कासिमको फौजमाथि ढुङ्गामुढा बर्साएको र कोही क्याम्पमै र कोही भारी बोकेर गढीतर्फ आइरहेको देखेर गोर्खालीका सेनापति नहरसिंह बस्न्यात, केहलर सिंह बस्न्यात, वंशराज पाँडे, जीव शाह, हर्क पन्त, रामकृष्ण, कुँवरको नेतृत्वमा गोर्खालीहरुले शिखरकटेरीमाथिबाट ढुंगामुढा बर्साएको पाइन्छ । वि.स १८१९ माघ १० गते भएको अन्तिम लडाईमा मिर कासिमका नायवसेनाको हार भयो । यस युद्धमा मीरकासिमका १७०० जवान र गोर्खालीका ३० जना सेनाको मृत्यु भएको थियो । युद्धबाट गोर्खालीलाई ५०० सय बन्दुक, २ तोप, बारुद, गोला लाभ भएको थियो । गोर्खालीहरुले विदेशी सैनिकमाथि विजय प्राप्त गरेकोले मनोबल उच्च भएको थियो । मुगललाई गोर्खालीहरुबाट पराजित गरेपश्चात राजा पृथ्वीनारायण शाहबाट मकवानपुरगढीमा पहिलो बिजयउत्सव मनाइएको थियो । सोही दिनमा ऐतिहासिक दिनको सम्झनामा माघ १० गते विजयउत्सव मनाउने गरिन्छ ।

वि.सं. १८१९ मा गुरगिन खाँको नेतृत्वमा रहेको मुसलमानी फौजलाई गोरखाली फौजले पराजित गरी मकवानपुर हात लागेको थियो । पछि सिन्धुलीगढीमा विसं. १८२४ कात्तिक २४ मा अग्रेजको फौजलाई गोरखाली फौजले हराएपछि गोरखालीहरु विदेशीसँग लड्न सक्षम भएको प्रमाणित भएको थियो । नेपाली सेनाले विदेशी सेनालाई पराजित गरेको मकवानपुर गढीलाई सरकारले नेपालको पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरी मकवानपुरगढीको विकास गर्नुपर्ने बिज्ञहरुले बताएका छन् । राष्ट्र निर्माणमा संलग्न पूर्वजहरुको महत्वपूर्ण योगदानको ईतिहासको साक्षी नै मकवानपुर गढी हो । नेपालले कहिल्यै कसैको उपनिवेश बन्नु परेको थिएन । मकवानपुगढी क्षेत्रमा रहेको वनजंगलको संरक्षण गर्ने, मकवानपुरका प्राकृतिकलगायत सम्पूर्ण सम्पदा र स्रोतको सम्बर्द्धनमार्फत् पर्यटन विकास गर्नुपर्ने थियो । ईतिहासको संरक्षण गरौं, ईतिहास मेटाएर समृद्धि आउनेवाला छैन । बरु ईतिहासबाट पाठ सिकेर अगाडि बढ्नु बुद्धिमानी हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ १३ गते शनिबार २७ जनवरी २०२४ । द्वितिया, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:३९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सामाजिक काममा रुचि बढ्नेछ | तुला | प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | आत्म-विश्वास बढ्नेछ |
| मिथुन | त्रासमय दिन हुनेछ | धनु | विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | खानपिन राम्रो हुनेछ | मकर | पारिवारिक जमघट हुनेछ |
| सिंह | शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | मन पर्ने उपहार पाइने योग छ | मीन | कामबाट फुर्सद मिल्नेछ |

# खाँचो प्रकृतिप्रति विनयशीलताको



✍ चन्द्र किशोर

कुरा सुरु गरौं धार्मिक प्रसंगबाट । सीताको खोजतलाशमा लंका पुगेका हनुमानको पुच्छरमा घ्यू-तेलमा भिजाइएको कपडा बाँधिँदै थियो । पुच्छरमा आगो लगाउने तयारी हुँदै थियो । त्यहाँ नगरवासीहरूको भीड जम्मा हुन थाल्यो । तमासेहरूले हनुमानलाई लात मार्दै उपहास गर्न थाले । तुलसीदास कृत अवधि र ामचरितमानसमा यस सन्दर्भमा लेखिएको छ, 'कौतुक कहं आये पुरवासी, मारहिं चरन करहि बहु हांसी' ।

तर जब हनुमानले पुच्छरमा आगो लागेपछि लंका दहन गर्न थाले, त्यही भीडले भन्न थाल्यो– अहो, यो त अनर्थ भयो, पुच्छरमा आगो लगाउनुहुन्नथ्यो । अर्थात्, तुलसीदास लेख्छन्, 'हम जो कहा यह कपि नहिं होई, वानर रूप धरें सुर कोई । साधु अवग्या कर फलु ऐसा, जरइ नगर अनाथ कर जैसा' । यो हो भीडको चरित्र । मान्छेहरू एक्लै हुँदा अलि फरक व्यवहार गर्छन्, विवेक र समझदारीमा हिँड्न खोज्छन् तर तिनै मान्छे जब भीडको हिस्सा बन्छन्, उनीहरूले आफ्नो स्वतन्त्र चेत गुमाउँछन् । भीडलाई अराजक, अनियन्त्रित र अवैधानिक गतिविधिहरूबाट रोक्ने साहस र विवेक कुनै नेतृत्वमा भयो भने उसले भीडलाई संयमित, सकारात्मक र सृजनशील बनाउन सक्छ ।

हिमाल, चुरे, नदी, जंगल, माटोको परिभाषा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भअनुसार व्यक्ति र समूहहरूपिच्छे फरक छ । यो कसैका लागि बासस्थान र बाँच्ने आधार हो भने कसैका लागि जीविका र अर्थ उपार्जनको स्रोत । यो कसैका लागि आवश्यक सम्पदा हो भने कसैका लागि कर उठाउने माध्यम । यो सबैको साझा हो । यसलाई जोगाउनुपर्छ किनकि यी स्रोतहरू भविष्यका सन्ततिलाई पनि आवश्यक पर्न जान्छन् र उपभोग गर्न सकिने अवस्थामा पाउनु उनीहरूको अन्तर्निहित अधिकार हो । तर भीडको मनोविज्ञान प्रभावी छ । जोकोही अन्ध नक्कल गर्न हौसिएका छन् । प्राकृतिक स्रोत र साधनको दोहन बहुतहका सरकार अस्तित्वमा आएपछि झन बढ्दै गएको छ । दोहन पहिला पनि हुने गथ्यो । बहुतहका सरकार बनेपछि यसप्रति स्थानीय दृष्टिकोण मुखर भएर आउने अपेक्षा थियो । सोहीअनुसारका भाष्यहरू खडा गरिएलान् भन्ने थियो । तर, यसतर्फ खासै प्रयत्न भएको पाइँदैन् ।

प्रसिद्ध भारतीय पर्यावरणविद् अनुपम मिश्र भन्ने गर्थे, 'प्रकृतिको क्यालेन्डर र हाम्रो घरको भित्तामा झुन्डिएको क्यालेडर भिन्नभिन्न हुन् । हाम्रो संवत्सरका पानाहरू एक वर्षमा बाह्र पटक फेरिएका हुन्छन्, तर प्रकृतिको क्यालेन्डर केही हजार होइन, लाख-करोड वर्षमा एक-दुई पन्ना फेरिएको हुन्छ । यसैले हामीले प्रकृतिको भूगोलका क्यालेन्डरलाई बिर्सनु हुँदैन् । तर करोडौं वर्षका यी क्यालेन्डरलाई याद राख्नुको मतलब यो होइन कि हामीले आजको कर्तव्य नै बिर्सिहाल्नुपर्छ । यो त सामुन्ने र हनैपर्छ र काम पनि त्यहीअनुसार भइराख्नुपर्छ । नदी, हिमालयलाई कसैले एक्लै वा समूह बनाएर चुपचाप षड्यन्त्र गरेर मारिरहेको छैन् । यो सब गर्ने हाम्रै मान्छेहरू हुन्, हामी नै हौं । मास्ने, दोहन गर्ने मानस हामीमा जो छ, त्यो कुनै षड्यन्त्रको उपज होइन, सर्वसम्मति हो । अहिलेसम्म विकासबारे हाम्रो जुन बुझाइ रह्यो, त्यसले गर्दा पक्ष-विपक्षको भेद मेटियो, यस्तो विकासयात्राले नै बहुपक्षीय संकट ल्याइरहेको छ । तर अझै विकल्प सम्भव छ ।

हिमालय पर्वतमाला, महाभारत शृंखला, नदी-जंगल वा माटो संरक्षणलाई लिएर अनेकौं उधारा नाराहरू आए, केही जुर्मुराएजस्ता पनि देखिए तर त्यसले समुदायमा निरन्तरता पाउन सकेन् । लोकपरम्परा, त्यसको ज्ञान एवं आत्मविश्वासलाई राष्ट्रिय स्तरमा स्वर दिने सान्दर्भिकता सकिएको छैन् । आजको आवश्यकता हो– पर्यावरणलाई सिंगो नेपालका सन्दर्भमा बुझ्नु, माटोको स्वाभाविक गुणवत्ताको महत्त्वलाई प्राथमिकता दिनु, हिमाल-पहाड वा नदीलाई टुक्राटुक्रामा नहेरी रैथाने ज्ञान परम्परालाई आत्मसात् गर्दै त्यसको वैज्ञानिकतालाई आलोकित तुल्याउनु । हिमाल-पहाड-मधेशका कुनाकाप्चामा यस सोचका साथ काम गर्ने हो भने, राम्रो समन्वय र तालमेल गरी काम गर्ने हो भने सपार्न सकिने ठाउँ अझै छ । मूल कुरा हो, प्रकृतिलाई कसरी बुझ्ने ? कसरी लिने ? प्रचलित भाष्यहरूको विकल्पबारे कसरी सोच्ने ? कि उही भीडको हिस्सा बन्ने ? सबैले 'मेरो गोरुको बाह्रै टक्का' भन्ने, एउटाको काममा अर्कोले सहयोग नगर्ने, एक थरीले 'आगराको कुरा' थाले अर्का थरीले 'गाग्राको कुरा' थाल्ने हो भने यति धेरै मानिसको मिहिनेत फेरि पनि बालुवामा पानी खन्याएभन्दा बढी हुने छैन् । एउटा प्रदेशले थालेको 'विकास' ले अर्को प्रदेशमा विनाश ल्याउला कि भन्ने चिन्ता जायज छ ।

हिमाल नाङ्गो हुँदै गर्दा वा महाभारत बाँझो हुँदै जाँदा तराईले 'यो त हाम्रो संकट होइन' भन्ने, तराईभित्रै चुरे-नदी दोहन हुँदा पूर्वपश्चिम राजमार्ग छेउछाउका बासिन्दाले 'दशगजातिर जेसुकै होस्' भन्ने वा दशगजा छेउछाउकाले 'यो चुरे, यो नदी, यो माटोको कुरा हामीले मात्र किन गर्ने' भन्ने हो भने हामीलाई आसन्न विनाशबाट कसैले रोक्न सक्दैन् । शताब्दियौंदेखि पानी हाम्रा लागि एउटा प्राकृतिक संसाधनका रूपमा उपलब्ध रहँदै आयो । तर यतिखेर यो एउटा उत्पादका रूपमा प्रस्तुत भइरहेको छ । यसबाट केही 'पानी व्यापारी' को धन जतिसुकै थपिएको भए पनि विपन्न एवं वञ्चित समूहको तिर्खा बढ्दै गएको छ । प्राकृतिक संसाधनमाथि खगोलीय हकदारी उदारीकरणको अभिन्न अंग बनेको छ । र यो उदारीकरणको काजलको गोलचक्करमा छिरेर प्राकृतिक संसाधनबाट स्थानीय समुदायलाई अलगथलग पार्ने दागबाट जोगिन सम्भव छैन् ।

अहिले त्यही भइरहेको छ । जल, जमिन र जंगलमाथि स्थानीय समुदायको निर्भरता र त्यसमाथि यी समुदायहरूको उपयुक्त अधिकारको पवित्रता मानव विकासयात्राको अभिन्न पाटो हो । तर आज मानव मात्रको यस साझा धरोहरलाई भ्रष्ट नीतिकर्मी र मुनाफाधर्मीबाट खतरा उत्पन्न भएको छ । पानीको संकट मुलुकका विभिन्न क्षेत्रमा फैलिँदै गइरहेको छ । पानीको संकटले जीवनलाई दुरुह बनाउँदै लगेको छ । हामी पानीको हाहाकारका बखत खुब कोलाहल गर्छौं, तर संकट अलि साम्यजस्तो हुनेबित्तिकै कुम्भकर्णी निद्रामा हुन्छौं । यो प्राकृतिक संसाधनको कमीले जुन विस्थापन हुँदै छ, यसले संस्कृतिको शोकगीत पनि रच्दै गरेको नोटिस गर्दैनौं ।

ठूला नदीहरूबारे विमर्श त हुन्छ तर सानासाना नदीहरूको प्रारूप र प्रयोजन प्राय: ओझेल पर्ने गर्छ । सानासाना नदीहरूको तात्पर्य केवल जलको धारा होइन, यो त संस्कृतिको पनि धारा हो । उपभोक्तावादको यस अराजक समयमा नदीहरूको सांस्कृतिक पक्षको चरम उपेक्षा हुँदै आएको छ । प्रत्येक नदीको आफ्नै प्रकृति र चरित्र हुन्छ । त्यही प्रकृतिअनुकूल उसले आफूलाई अनुशासित बनाएको हुन्छ । तर जब मान्छेहरूले नदीहरूको अनुशासित जीवनमा नियोजित हस्तक्षेप गर्छन्, तिनले संयम र अनुशासन छाडेर विनाशकारी रूप लिन पुग्छन् । जबजब मान्छेहरू प्रकृतिसँग जिस्किएका छन्, सामञ्जस्य गरेर बाँच्नुपर्ने कुरा बिर्सेका छन्, तबतब प्रकृतिले प्रतिकार गरेको छ । हडप्पा र मोहन्जो- दाडोजस्ता उन्नत सभ्यताको सत्यानाश वनहरूको अत्यधिक कटाइ र प्राकृतिक संसाधनको चरम दोहनको परिणति थियो भन्ने मत राख्नेहरूको संख्या बढ्दै छ । जसलाई हामीले प्राकृतिक विपदा भन्छौं, त्यो अधिकांशत: मानवकृत विपदा हो ।

प्रत्येक समुदायमा लामो कालखण्डमा विकसित ज्ञान समस्याहरूको सामनाबाट टुसाएको हो । जहाँको समस्या त्यहींको समाधान् । यो समाधानमा प्रकृतिमाथि विजयको भाव थिएन् । स्वयंलाई विजित मान्नेबारे त विवेकी समाजले सोच्न पनि सक्दैन् । प्रकृतिसँग सहकार्य गरेर टुसाएको विचारयात्रा – जुन समुदायविशेषको जीवनयात्रा थियो – मा प्रकृतिको स्वभावलाई बुझ्ने गहन प्रयास थियो, प्रकृतिले गरेको क्रोधप्रति घृणा होइन, विनयभाव प्रतिध्वनित हुन्थ्यो । प्रकृति त मान्छेको अभिन्न छिमेकी हो जसप्रति आदर भाव राखेर नै उसको प्रेम आर्जन गर्न सकिन्छ । हाम्रा पुर्खाहरूमा यो बुद्धिमत्तापूर्ण चेत बढी थियो । प्रकृति यस्तो स्रोत थिएन जसबाट केवल एकतर्फी लिन हुने तर उसको रेखदेख र संरक्षणको हेक्का नराख्ने गर्न हुन्थ्यो । मान्छे र प्रकृतिबीचको सम्बन्धलाई कुनै शासकले बनाएको थिएन् । यो सम्बन्ध राजा-महाराजाहरूले बनाएका भए कुनै शिलालेखमा उत्कीर्ण गरिएको हुन्थ्यो । यो सबै समुदायविशेषको जीवनचर्याको अभिन्न अंग थियो । विरासतमा प्राप्त हुँदै आएको थियो ।

यतिखेर विशेषगरी प्रदेश एवं स्थानीय सरकारहरूले आफ्नो भूगोल, प्रकृति, वन-वनस्पति, समाज, संस्कृतिबारे खोजपूर्ण काम गर्न जरूरी छ । भनिन्छ, बिग्रेको घडीले पनि चौबीस घण्टामा एक पटक सही समय दिन्छ । त्यसैगरी यी सरकारहरूले यो काम गरेर त्यसबाट प्राप्त सन्देशलाई आत्मवरण गरे भने हामी जोखिमलाई थोरबहुत छल्न सक्छौं । यो सर्वाधिक महत्त्वाकांक्षी देखिए पनि नगरी सुख छैन् ।

वर्तमानमा प्रकृति र पर्यावरणमा आइरहेको बदलावले नयाँ संकट उत्पन्न गरेको छ । अहिलेसम्म जुन विकास अवधारणाले हामीलाई परिचालित गरिरह्यो, त्यसबारे बहुकोणबाट सोचौं । विकल्पहरूबारे अब नयाँ तरिकाले बहस गरौं । नयाँ पुस्तामा यस्तो सोच आउँदै छ, जहाँ उनीहरूलाई भविष्य विकासको पथमा हिँडिरहँदा ज्यादै संकटमा पर्न थालेको अनुभव भइरहेको छ । तर शासकहरूले त्यसमाथि नै हिँड्न बाध्य पार्दै छन् । संकटको यस्तो अनुभूतिले अनेकौंलाई वैकल्पिक योजनाका रूपमा महात्मा गान्धीको विचारमा दृष्टि लगाउने प्रेरणा मिलेको छ ।

हाम्रो सन्दर्भमा कतिपय विकासवादीले गान्धीलाई अप्रासंगिक मान्ने भ्रमपूर्ण प्रचार गरि रहे । तर यो तथ्यबाट सर्वथा असहमत हुन निरन्तर असम्भव हुँदै आएको छ कि, विपन्न र वञ्चित समुदायका लागि गान्धी सर्वाधिक सार्थक विकल्पका रूपमा एक मात्र सम्भावना रहेछन् । गांधीको प्रख्यात उक्ति छ, 'पृथ्वीमा मान्छेहरूका आवश्यकता पूर्तिका लागि पर्याप्त संसाधन छन् तर तिनको लोभका लागि छैन् ।'

वास्तवमा गान्धीको अहिंसाको परिधिलाई मान्छेद्वारा मान्छेविरुद्ध हिंसाको निषेध वा शाकाहारका रूपमा मात्र बुझ्नु अधुरो पाठ हो । जबसम्म गान्धीले खोजेको अहिंसात्मक अर्थतन्त्र बुझिँदैन, तबसम्म उनको दृष्टि पनि बुझिँदैन् । जल, जंगल, जमिनमाथिको अहर्निश दोहनले उत्पन्न गरेको भीषण नोक्सानीको सहस्रांशको पनि भर्पाइको सामर्थ्य अहिलेको विकासदृष्टिमा छैन् । गान्धी चिन्तनको यो प्रबल उत्तरआधुनिक पक्ष हो । आवश्यकता (निड्स) र लोभ (ग्रिड्स) बीचको भिन्नता बुझ्ने र बुझाउँदै अघि बढाउने विनम्रतामै सामूहिक हित सुरक्षित छ ।

*(साभार: ई-कान्तिपुर)*

# 'साइलेन्ट किलर' बन्दैछ मधुमेह

✍ डा.ज्योति भट्टराई





मधुमेह (चिनी रोग) लाई अङ्ग्रेजीमा 'डायबिटिज' भनिन्छ । रगतमा लामो समयसम्म चिनीको मात्रा बढी हुने रोगलाई सामूहिक रुपमा डाक्टरी भाषामा 'डायबिटिज मिलाइटस' वा 'डायबिडिज मलाइटस' भन्ने गरिन्छ ।

रगतमा हुने 'इन्सुलिन' नामक हर्मोनले रगतमा भएको चिनी अर्थात् ग्लुकोजलाई शरीरका कोषमा प्रतिक्रिया गराएर त्यहाँबाट शक्ति उत्पादन गर्न मद्दत गर्दछ । फलस्वरुप रगतमा चिनीको मात्रा निश्चित स्तरभन्दा माथि जान सक्दैन ।

शरीरभित्र इन्सुलिन बनाउने काम प्यानक्रियाज ग्रन्थीको हो । प्याक्रियाजले आवश्यक मात्रामा इन्सुलिन बनाउन सकेन भने वा भएको इन्सुलिनसँग कोषले प्रतिक्रिया जनाउन सकेन भने रगतमा चिनीको मात्रा बढ्न जान्छ । लामो समयसम्म रगतमा चिनीको मात्रा बढिरह्यो भने मुटु, मिर्गौला, आँखा, खुट्टालगायत विभिन्न अङ्गमा हानि पुग्दछ ।

केही वर्षयता विश्वव्यापी रुपमा मधुमेहका रोगी संख्या दिन प्रतिदिन बढ्दो छ । सन् १९८० पछिको तथ्याङ्कलाई हेर्ने हो भने १८ वर्षमाथिका चार प्रतिशतमा मधुमेह देखिएको थियो । यो समस्या अहिले साढे आठ प्रतिशतभन्दा बढी मानिसमा देखिएको छ । सन् २०१५ मा १६ लाख मानिसको यो रोगले मृत्यु भएको मानिन्छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले विश्वमा झन्डै ४२ करोड मानिसलाई मधुमेह रोग रहेको अनुमान गरेको छ । विश्वमा करिब २२ करोड मानिस मधुमेह रोगबाट प्रभावित रहेको र आगामी २०३० सम्ममा यो संख्या दोब्बर हुने डब्लुएचओले जनाएको छ ।

विश्वमा रोगबाट मृत्यु हुनेमध्ये पाँच प्रतिशत मधुमेहका बिरामी छन् । यदि तत्काल कुनै प्रभावकारी कदम नचालिएमा आउँदो १० वर्षमा मधुमेहबाट ज्यान गुमाउनेको संख्या ५० प्रतिशतले बढ्नेछ । सन् २०३० सम्ममा १७ वर्षमुनिका मानिसको मृत्यु दरमा मधुमेहको हिस्सा ५० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

नेपालमा पनि प्रत्येक घरमा मधुमेहका रोगी बढिरहेका छन् । कति रोगी छन् भन्ने तथ्याङ्क नभए पनि झन्डै आठ प्रतिशत मानिसलाई मधुमेह हुनसक्ने अनुमान गरिएको छ  डब्लुएचओले नेपालमा पनि ४० वर्षसम्म उमेर समूहका करिब १५ प्रतिशत मधुमेहबाट ग्रसित रहेको र सो उमेर समूहभन्दा माथिका करिब १९ प्रतिशतलाई मधुमेह लागेको तथ्याङ्क स्वास्थ्य विभागले दिएको छ । ग्रामीण क्षेत्रमा भन्दा पनि सहरी क्षेत्रमा मधुमेह प्रमुख स्वास्थ्य समस्याका रुपमा रहेको छ ।

पहिले-पहिले मधुमेह ४० वर्ष कटेपछि हुन्थ्यो भन्ने भनाइ थियो । बढ्दो आधुनिकीकरण, खानेकुरामा विषादीको अत्यधिक प्रयोग, अनियन्त्रित जीवनशैलीका कारणले पनि होला मधुमेहको समस्या विकराल बन्दैछ । बुढेसकालमा लाग्ने रोग भनिने यो रोग अहिले ३०-३५ वर्षभित्रै मधुमेह देखिन थालेको छ । अस्वस्थकर जीवनशैली, पत्रुखाना, अत्यधिक तनाव आदिले गर्दा अहिले त युवावस्थामै मधुमेह हुन्छ ।

मधुमेहलाई मुख्य दुई प्रकारमा हेर्न सकिन्छ । पहिलो प्रकारमा शरीरमा इन्सुलिन भन्ने तत्व हुन्छ, जसले जीवकोषमा चिनीलाई नियन्त्रण गर्दछ ।

दोस्रो प्रकारको मधुमेह प्राय: ४०-५० वर्ष उमेर कटेपछि अस्वस्थकर जीवनशैली, मोटोपनको कारणले धेरैमा हुन्छ । यसमा शरीरमा रहेको इन्सुलिनले राम्रोसँग काम गर्दैन । विदेशमा ४० को उमेर भएपछि देखिने यो समस्या नेपालमा अहिले सानै उमेरमा देखिन थालेको छ । यो प्रकारको मधुमेह धेरै कम व्यक्तिलाई हुन्छ यो प्रकारको मधुमेह धेरैलाई हुन्छ ।

खानपान, जीवनशैली र भौगोलिकतासँगै वंशाणुगत मधुमेह रोग लाग्छ । वातावरणीय कारण खानपान, तनाव मात्र होइन, प्रदूषण, खाद्यान्न उत्पादनमा रासायनिक मलको प्रयोग पनि मधुमेहसँग जोडिएको पाइएको छ । मोटोपन भएका मानिसमात्र होइन, स्वस्थकर खाना नभएर, कुपोषण भएकालाई पनि मधुमेह हुनसक्छ । आमालाई कुपोषण हुँदा पनि उनीबाट जन्मिएको बच्चालाई पछि मधुमेह हुनसक्छ ।

गर्भावस्थामा पनि विविध कारणले मधुमेह हुन्छ । कतिपय मानिसमा वंशाणुगत कारण पनि मधुमेह हुने गर्छ । मधुमेह भएको बिरामीमा पटकपटक पिसाब लाग्ने, दुब्लाउँदै जाने, थकान महसुस गर्ने, सङ्क्रमणहरु निको नहुने, पानी प्यास लाग्ने हुन्छ । झन्डै ५० प्रतिशत व्यक्तिमा त यसको लक्षण नै देखिँदैन । लक्षण देखिएन भन्दैमा मधुमेह भएको छैन भनेर ढुक्क हुन सकिँदैन । त्यस्ता व्यक्तिहरुमा पनि केही लक्षणहरु जस्तै: बढी प्यास लाग्नु, दुब्लाउँदै जानु, घाउ संक्रमण आदि छिटो निको नहुनु, थकान महसुस हुनु, पिसाब बढी लाग्नु, भोग लाग्नु, मुख सुख्खा हुनेजस्ता लक्षणहरु देखिन्छ ।

जोखिम मधुमेह हुँदैमा डराइहाल्नु पर्दैन । सावधानी अपनाउने हो भने यसबाट आउन सक्ने विभिन्न जटिलबाट हामी जोगिन सकिन्छ । यो दीर्घकालीन रोग भएकाले एकपटक लागिसकेपछि यसलाई राम्रोसँग नियन्त्रणमा राखेर व्यवस्थापन गर्नुको विकल्प नै छैन । जीवनशैलीमा सुधार ल्याएर, व्यायाम गरेर, स्वस्थ भोजन गरेर पेटको गोलाइ बढ्न दिइएन भने मधुमेहको समस्याबाट टाढा रहन सकिन्छ ।

धेरै मानिसहरु मधुमेह भएको पत्ता लाग्नासाथ डाक्टरको सल्लाह लिनुभन्दा आत्तिने वा अनेक घरेलु औषधितिर लाग्ने गरेको देखिन्छ । यसले रोग निको हुनुभन्दा झन् जटिल बनाउने हुन्छ । बिरामीलाई पहिलो प्रकारको मधुमेह भएको छ भने इन्सुलिनको सुई दिनुपर्ने हुन्छ भने दोस्रो प्रकारको मधुमेहमा चिकित्सकले बिरामीलाई खानपानमा अपनाउनुपर्ने सावधानीका बारेमा बताउँछन् र सँगसँगै रगतमा भएको चिनीको मात्रा नियन्त्रण गर्नका लागि खाने गोली पनि दिन सक्छन् ।

### सावधानीका उपाय

मधुमेहको लक्षण देखिएमा वा नदेखिएमा पनि जाँच गरेर प्रेसर, सुगर र कोल्डस्टोर सुरक्षित घेराभित्र राख्नुपर्छ । यो भनेको नराम्रो र महँगो पर्ने रोगबाट जोगिने उपाय हो । गुलिया खानेकुरा शरीरका लागि हानिकारक हुन्छन् । बढी चिनी हाम्रो शरीरले पचाउन सकेन भने त्यो फ्याटमा परिवर्तन हुन्छ । पछि गएर त्यसले चिनीरोग मात्रै होइन, मुटुरोगको जोखिमलाई पनि बढाउँछ ।

गुलिया मिठाई मात्रै नभएर कोक, फ्यान्टा, जुसले पनि मधुमेह हुन सक्छ । बजारिया पेयपदार्थमा पनि फ्रुक्टोसिरफ भन्ने हालेको हुन्छ, यसलाई मेडिकल साइन्सले विषै मान्छ । विश्वका एक लाख व्यक्तिमा अनुसन्धान गर्दा विभिन्न प्रकारका पत्रु खाना, रेसा नभएका खाना, बिस्कुट आदिको प्रयोग गर्ने मानिसमा दोस्रो प्रकारको मधुमेह बढी भएको देखिएको थियो ।

मधुमेह मात्रै होइन, जुनसुकै रोगबाट बच्न मदिरा र सुर्तीजन्य पदार्थ सेवन गर्नु हुँदैन । स्वस्थ जीवनका लागि व्यायाम अनिवार्य छ । हाम्रा शरीरका सबै अङ्गलाई राम्ररी चलाउनुपर्छ । दिनमा एक घन्टा वा कम्तीमा आधा घन्टा हिँड्नैपर्छ । मधुमेहबाट बच्ने अर्को सावधानीको उपाय भनेको तनावलाई कम गर्ने हो । तनावबाट पूर्ण रुपमा मुक्त हुन सकिँदैन तर, कम गर्न सकिन्छ । खुसी रहन, हाँस्न प्रयत्न गर्नुपर्छ । दु:खी रह्यो भने सुगर व्यवस्थापन गर्न गाह्रो हुन्छ । तनावमा भएका बेला सुगरको मात्रा ह्वात्तै बढ्छ । तनावमा कर्टिसोल नामक हर्मोन निस्कन्छ र यसले सुगर निकाल्छ । त्यसैले सकेसम्म हामीले तनावलाई घटाउनुपर्छ ।

अचेल मधुमेह नाप्ने यन्त्र ग्लुकोमिटर पनि सस्तैमा पाइन्छ । बेला-बेला सुगर चेकजाँच गरिरहनुपर्छ । त्यस्तै, कोलेस्टोर, उच्च रक्तचापको परीक्षण गरिरहनुपर्छ । त्यस्तै, नियमित औषधि सेवन गर्नुपर्छ । पछि गएर अन्धोपन नहोस्, मुटुरोग, यौन दुर्वलता आदि नहोस् भनेर औषधि दिइएको हुन्छ ।

*(साभार: स्वास्थ्यखबर)*

वैदेशिक रोजगारी :

# खाडीबाट युरोपतिर मोडिदैंछ नेपालीको श्रम गन्तव्य

काठमाडौं/दाङको बबई गाउँपालिका-५ का रेशमबहादुर मगरका बाबु कर्णबहादुरले आधा जीवन कतारमा बिताए । कतारमा ८ वर्ष भवन बनाउने मजदुरको रुपमा काम गरेका उनले त्यहाँ बगाएको पसिनाले ६ जनाको परिवारको जीविका चलाए ।

रेशमका बाबुमात्र हैन, उनका दुई काका प्रेम र जीतबहादुर मगरले पनि खाडीमै बगाएको पसिनाले सन्तानको शिक्षादीक्षा र खानपानको बन्दोबस्त गरे । ११ कक्षा पढेपछि रेशमले पनि बुबा र काकाकै जस्तो विदेश जाने बाटो पछ्याए । तर उनले गन्तव्य चाहिँ फरक रोजे । ८ महिनायता उनी युरोपको क्रोएसियामा छन् । 'खाडीमा बुबाले पाएको दु:ख सुनेर त्यहाँ जान मन नै भएन, उनले भने, 'राम्रो देशमा अवसर पनि राम्रो होला भनेर यहाँ आएँ ।'

प्युठानका मीनराज खड्काले खाडी राष्ट्र युनाइटेड अरब इमिरेट्स (यूएई) मा ५ वर्ष अस्पताल क्लिनिङ (सरसफाइ) को काम गरे । त्यहाँ उनी दैनिक १६ घण्टा काम गर्थे । त्यति गर्दा पनि मासिक ३० हजार रुपैयाँ भन्दा बढी कमाउन नसकेपछि स्वदेश फर्किएका उनी तीन वर्षपछि फेरि विदेश जाने निष्कर्षमा पुगे । तर यो पटक उनले खाडी नभएर युरोप राष्ट्र पोर्चुगल रोजे । 'देशभित्र रोजगारी छैन । खाडीमा जाउँ दु:खमात्रै छ, कमाइ छैनु, उनी भन्छन्,' 'त्यहाँ पाएको दु:ख सम्झेर अरु नै देश जाने बाटो रोजेँ ।'

प्यूठानको सरुमारानी गाउँपालिका-७ का किसान भण्डारीका जेठा र माइला दाइ रोजगारीका लागि साउदी अरेबिया र मलेसिया गए । दाजुहरु एक दशक ती देशमा बस्दा पनि आर्थिक हैसियत माथि उठाउन नसकेको देखेका किसान भने युरोप जाने सुरसारमा छन् ।

'हाम्रा बाबु-दाजुले दु:खमात्र झेले, जति पसिना बगाए पनि अभाव टार्दाटार्दै दाइहरुको उमेर बित्यो,' उनले भने, 'त्यो दु:ख म पर्न चाहन्न । खाडीमा जस्तो दु:ख कम र कमाइ पनि राम्रो हुने भएकाले युरोप जाने सुरसारमा छुँ ।'



रोजगारीका लागि विदेश जाने नेपाली बढ्दो क्रममा छन्, तर गन्तव्य भने विस्तारै फेरिन थालेको छ । पछिल्लो दुई दशकसम्म प्रमुख श्रम गन्तव्य बनिरहेको खाडी मुलुक जानेको संख्या क्रमश: घट्दो छ । बरु युरोप जानेको संख्या विस्तारै बढ्न थालेको तथ्यांकबाट देखिएको छ । श्रम मामिला विज्ञ रामेश्वर नेपाल पनि नेपालीको श्रम बजार युरोप बन्न थालेको बताउँछन् ।

**बढ्दैछ युरोप जानेको संख्या**

वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष ०७८/७९ मा मलेसिया जान ३ लाख ६६ हजार र युएई, कतार, साउदी अरेबियालगायतका खाडी मुलुक जान ५ लाख ५० हजार जना नेपालीले श्रम स्वीकृति लिएका थिए ।

आर्थिक वर्ष ०७९/८० मा भने मलेसिया जान २ लाख र खाडी मुलुक जान ४ लाख १५ हजारले श्रम स्वीकृति लिए ।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीका अनुसार खाडीमा नेपालीको औसत तलब मासिक ४० हजार रुपैयाँ छ भने युरोपेली देशमा ८० हजार रुपैयाँभन्दा बढी छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुससम्मको ६ महिनामा मलेसिया जान ४८ हजार जनाले श्रम स्वीकृति लिएका छन् ।

विभागका अनुसार आर्थिक वर्ष ०७८/७९ मा युरोपका देशमा जान ११ हजार जनाले श्रम स्वीकृति लिएकामा ०७९/८० मा ३३ हजार जनाले लिए । चालु आर्थिक वर्ष ०८०/८१ को साउनदेखि पुससम्मको ६ महिनामा १६ हजार जनाले श्रम स्वीकृति लिएका छन् । उनीहरु रोमानिया, पोर्चुगल, क्रोएसिया, माल्टा, पोल्याण्ड, बेलायत जस्ता देश जानेहरु छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी युरोपेली देशमा नेपाली श्रमिकको आकर्षण र माग दुबै बढेको बताउँछन् । 'श्रमिकको चाहना पनि खाडीभन्दा युरोप जाने नै देखिन्छ,' उनी भन्छन्, 'अन्तर्राष्ट्रिय श्रम बजार मा पनि श्रमिकको माग युरोपमा बढेको देखिन्छ ।'

पछिल्लो २०-२५ वर्षदेखि नेपालीको रोजगारीको आवश्यकता मुख्यगरी खाडीले पूरा गरेकामा अब युरोप पनि श्रम बजारको रुपमा देखिएको उनको भनाइ छ ।

**सुरक्षित र धेरै कमाइ**

मलेसिया र खाडी राष्ट्रहरुको तुलनामा राम्रो कमाइ र श्रमिकमैत्री कानुनको कारण युरोप वैदेशिक रोजगारीका लागि राम्रो गन्तव्य मानिन्छ । श्रमको प्रकृति पनि खाडी राष्ट्रहरु भन्दा सहज र सुरक्षित रहेको श्रम मामिलाका जानकारहरु बताउँछन् ।

श्रम विज्ञ रामेश्वर नेपाल खाडी मुलुक भन्दा श्रम अधिकार, श्रमिक सुरक्षा, आम्दानी युरोपमा राम्रो रहेको बताउँछन् । 'खाडी राष्ट्रमा हाम्रा श्रमिकले गर्ने श्रमको प्रकृति, उनीहरुले भोग्ने दु:ख, भोग्ने हैरानी र श्रमिक माथिको दृष्टिकोणले पनि खाडीमा पहिलो जस्तो आकर्षण छैन,' उनी भन्छन्, 'तथापि खाडी आज पनि हाम्रो प्रमुख श्रम गन्तव्य हो ।' उनले सरकारले नयाँ श्रम गन्तव्यको आवश्यकता मनन गरेर युरोपेली देशमा श्रमिक पठाउन सहजीकरण गर्नुपर्ने बताए ।

वैदेशिक रोजगार व्यवसायीहरु पनि युरोपमा श्रमिकमैत्री कानुन भएकाले पनि खाडीमा भन्दा युरोपका मुलुकमा श्रमिकलाई काम गर्न सहज हुने बताउँछन् ।

व्यवसायीहरुका अनुसार खाडीमा नेपाली श्रमिकहरु धेरैजसो निर्माणजन्य कामको श्रमिकका रुपमा जाने गरेका थिए । निर्माण क्षेत्र भएकाले श्रमको प्रकृति पनि खाडी राष्ट्रहरुमा कठिन खालको रहेको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भण्डारीले बताए ।

यूरोपमा भने उत्पादन मूलक, कृषि, खाद्य उद्योग, होटल र निर्माण क्षेत्रमा बढी कामदार माग भएको उनको भनाइ छ । 'श्रमको प्रकृति प्रविधिमैत्री भएकाले सहज र सुरक्षाको दृष्टिकोणले युरोपेली मुलुक उत्कृष्ट मानिन्छ,' उनी भन्छन् ।

सेवा सुविधा पनि खाडीमा भन्दा युरोपमा बढ्ता भएको रोजगार व्यवसायी संघका अध्यक्ष भण्डारी बताउँछन् । उनका अनुसार खाडीमा नेपालीको औसत तलब मासिक ४० हजार रुपैयाँ छ भने युरोपेली देशमा ८० हजार रुपैयाँभन्दा बढी छ । त्यसबाहेक श्रम गर्ने अवधि, श्रमको स्वतन्त्रता लगायतका हिसाबले पनि युरोप राम्रो रहेको उनी सुनाउँछन् ।

हाल युरोपमा संस्थागत भन्दा व्यक्तिगत श्रम स्वीकृति लिएर जाने धेरै छन् । नेपालले युरोपका धेरै राष्ट्रहरुसँग श्रम सम्झौता नगरेकाले संस्थागत रुपमा श्रमिक पठाउन नसकेको व्यवसायीहरु बताउँछन् ।

नेपालले रोमानिया र जर्मनीमा भने श्रमिक पठाउने बाटो खोलेको छ । नेपालले गत असोज १९ मा रोमानिया र २३ असोजमा जर्मनीसँग जीटुजी माध्यमबाट श्रमिक पठाउने भनेर श्रम सम्झौता गरेको थियो । यद्यपि जर्मनीमा भने अझै श्रमिक पठाउन सुरु भएको छैन ।

श्रम विज्ञ सोम लुईंटेल युरोप-अमेरिकामा श्रम बजारको खोजी गर्नुपर्ने बताउँछन् । 'यदि श्रमिक पठाउने नै हो भने, उत्कृष्ट श्रम अधिकार, मानव अधिकारको प्रत्याभूति भएको मुलुकमै किन नपठाउने ?,' उनी भन्छन् ।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भण्डारी युरोपेली देशमा श्रमिक पठाउन सरकारले मागपत्र प्रमाणीकरण सहज गरिदिनुपर्ने बताउँछन् । मागपत्र प्रमाणीकरण सहज गरिदिए सुरुका वर्षमा वार्षिक ५० हजार नेपालीलाई युरोप पठाउन सकिने उनको भनाइ छ ।

युरोपमा दक्ष कामदार पठाउन सकेमा सम्बन्धित परिवार र मुलुकलाई नै फाइदा हुने उनी बताउँछन् । उनी भन्छन्, 'युरोपजस्ता राष्ट्रहरुमा दक्ष कामदार पठाउन सके देशले पाउने रेमिट्यान्समा पनि टेवा पुग्छ, त्यसैले सरकारले नयाँ गन्तव्यको लागि बाटो खुला गर्न ढिलाइ गर्न हुँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# ४५ दिनमा 'डिग्री माइला' प्याकअप, नयाँ वर्षमा रिलिज



काठमाडौं/'कबड्डी' निर्देशक रामबाबु गुरुङले आफ्नो नयाँ फिल्म 'डिग्री माइला'को छायांकन पूरा गरेका छन् । दुई चरणमा गरेर ४५ दिनमा फिल्म 'प्याकअप' भएको हो । पहिलो चरणको छायांकन गत असोज १ गतेबाट ओखलढुंगाको रुम्जाटार गाउँमा सुरु गरिएको थियो । त्यसपछि झण्डै दुई महिना 'ब्रेक' लिएर दोस्रो चरणको छायांकन काठमाडौंबाट सुरु गर्दै रुम्जाटारमै पुगेर सकिएको हो ।

फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक भइसकेको छ, जसमा अभिनेता दयाहाङ राई एकल रुपमा प्रस्तुत छन् । पोस्टरमा उनलाई शिक्षित बेरोजगारको रुपमा चित्रित गरिएको छ । फिल्मले उठाएको कथा पनि यही हो । थर्ड डिभिजनमा मास्टर डिग्री पास गरेका एक शैक्षिक बेरोजगारको कथामा फिल्म आधारित छ । फिल्ममा दयाहाङको जोडी भने अभिनेत्री आँचल शर्मासँग बाँधिएको छ ।

बाँसुरी फिल्म्सको निर्माण रहेको फिल्ममा विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, प्रकाश घिमिरेको पनि अभिनय छ । 'किन चाउरिस मरिच, आफ्नै रागले' भन्ने चर्चित उखानलाई ट्यागलाइन बनाइएको फिल्मको प्रदर्शन मिति आगामी नयाँ वर्षलाई घोषणा भैसकेको छ । यसअघि 'डिग्री माइला' नाममा मण्डला थिएटरमा नाटक मञ्चन भएको थियो, जसका निर्देशक दयाहाङ राई थिए ।

# 'गोर्खा वारियर' ट्रेलरमा गोर्खा सैनिकले लडेको लडाइँको कथा



काठमाडौं/मिलन चाम्सद्वारा निर्देशित फिल्म 'गोर्खा वारियर'को ट्रेलर सार्वजनिक गरिएको छ । अभिनेता शिशिर वाङ्देलको सशक्त 'भ्वाइस ओभर'बाट सुरु भएको ट्रेलरमा मलायाको जंगलमा आतंकवादीसँग गोर्खा सैनिकले लडेको लडाइँलाई देखाइएको छ । ट्रेलरमा सिनेमाटोग्राफी, भीएफएक्स र ब्याकग्राउन्ड स्कोरको काम राम्रो देखिन्छ । फिल्म आगामी फागुन ११ गतेबाट प्रदर्शनमा आउँदैछ ।

गत भदौमा लण्डनस्थित 'आइम्याक्स सिनेवर्ल्ड'मा प्रिमियर गरिएको फिल्ममा विजय लामा, रितेश चाम्स, शिशिर वाङ्देल, रेविका गुरुङ, रियर राई, सारा राई, कविता आले, सुरज तमु, विरुप गोले, सरोज खालिङ, सुमिन गुरुङ, त्रिचु राई लगायतको अभिनय छ । सन् १९४९ मा 'मलाया इमरजेन्सी जंगल वार'मा गोर्खा सैनिकले देखाएको बहादुरीको कथामा आधारित भएर फिल्म बनेको हो ।

एक अमेरिकी वितरण कम्पनीले फिल्मलाई अन्तर्राष्ट्रिय रिलिज गर्न लागेको निर्देशक चाम्सले बताएका छन् । दक्षिण कोरियामा भने 'मिस हुँ' नामक कम्पनीले कोरियाली भाषामा स्वरांकन गरेर फिल्म रिलिज गर्ने जनाइएको छ । यतिबेला फिल्मको मुम्बईमा हिन्दी डबको काम पनि भइरहेको छ, जसमा रितेशको पात्रमा 'केजीएफ' श्रृंखलाका डबिङ आर्टिस्ट सचिन गोलेले आवाज दिएका छन् ।

निर्देशक चाम्स र गिरीराज घिमिरेको संयुक्त लेखन रहेको फिल्मको निर्मातामा सुमन राई र सुस्मिता वाइवा छन् भने प्रशान्त थापा र राजेन्द्र घिमिरे कार्यकारी निर्माता हुन् । सुरेश राई सह-निर्मातामा छन् ।

फिल्ममा सुदीप बरालको डीओपी, हिमाल केसीको द्वन्द्व निर्देशन र मिलन श्रेष्ठको सम्पादन छ । लाहुरेको सहर पोखरा र धरानमा फिल्मको प्रिमियर आयोजना गर्ने तयारीमा चाम्स छन् ।

# प्रतिबन्ध र अस्थिर नीतिले बढ्दै अनौपचारिक अर्थतन्त्र

काठमाडौं/नेपालमा सरकारले लगाउने प्रतिबन्ध र अस्थिर नीतिले अनौपचारिक अर्थतन्त्र फस्टाउने गरेको पाइएको छ । त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागले गरेको अध्ययनले नेपालमा अनौपचारिक अर्थतन्त्रको सम्भावित दायरा कुल गार्हस्थ उत्पादन (जीडीपी) को औसत ४२.६६ प्रतिशत रहेको छ ।

राष्ट्रिय लेखा विधि अनुसार आर्थिक वर्ष २०१०/११-२०२०/२१ लाई आधार मानेर गरेको अध्ययनले यस्तो देखाएको हो । विभाग प्रमुख प्राडा शिवराज अधिकारीका अनुसार नेपालमा अस्थिर सरकार, अस्थिर नीति र सरकारले लगाउने प्रतिबन्धका समयमा अनौपचारिक अर्थतन्त्र फस्टाउने गरेको पाइएको छ ।

कोभिड-१९ महामारीका बेला सरकारले नाकाबन्दी लगाएको थियो । त्यसबेला अनौपचारिक अर्थतन्त्रको आकार बढेको देखिएको छ । २०१८/१९ मा जीडीपीको ३७.६० प्रतिशत रहेको अनौपचारिक अर्थतन्त्रको आकार २०१९/२० मा ३९.१० प्रतिशतमा उक्लिएको छ ।

'सरकारले यसबीच आयातमा समेत प्रतिबन्ध लगाएको थियो,' विभागीय प्रमुख अधिकारीले भने, 'त्यसक्रममा सीमानाकामा अनौपचारिक आर्थिक गतिविधि बढेको हुन सक्छ, यसले अर्थतन्त्रमा असर गर्छ ।' अधिकारीका अनुसार त्रिभुवन विश्वविद्यालयले नेपाल राष्ट्र बैंकसँगको सहयोगमा अनौपचारिक अर्थतन्त्रसम्बन्धी अध्ययन गरेको हो ।

यस अध्ययनमा मुद्रा माग विधि र राष्ट्रिय लेखा विधि प्रयोग गरिएको छ । उनका अनुसार राष्ट्रिय लेखा अनुमान गर्दा अनौपचारिक वा प्रत्यक्ष अवलोकन नभएका आर्थिक गतिविधि अप्रत्यक्ष विधि प्रयोग गरी मापन गरिन्छ ।

अर्कातर्फ, नेपाल श्रमशक्ति सर्वेक्षण २०१७ ले अनौपचारिक क्षेत्रमा ६२.२ प्रतिशत जनशक्ति कार्यरत रहेको देखाएको थियो । साथै, अनौपचारिक रोजगारीमा ८४.६ प्रतिशत रहेको तथ्यांक श्रमशक्ति सर्वेक्षणमा देखिएको थियो ।

राष्ट्रिय आर्थिक गणना २०१८ ले नेपालमा रहेका निजी प्रतिष्ठानमध्ये ४९.९ प्रतिशत दर्ता नभएको देखिएको थियो । यी आधार हेर्दा त्रिभुवन विश्वविद्यालयले गरेको पछिल्लो अध्ययनले समेत हरेक वर्ष जीडीपीको ४० देखि ४३ प्रतिशतबीच अनौपचारिक अर्थतन्त्रको हिस्सा रहेको देखाएको हो ।

**समग्रमा घट्दो क्रममा छ अनौपचारिक अर्थतन्त्र**

राष्ट्रिय लेखाले अर्थतन्त्रका सबै पक्ष समेट्न थालेसँगै अनौपचारिक अर्थतन्त्रको आकारसमेत क्रमश: घट्दो क्रममा रहेको देखिएको छ । २०१०/११ मा राष्ट्रिय लेखा दृष्टिकोणबाट ४९.१० प्रतिशत रहेको अनौपचारिक अर्थतन्त्रको आकार २०२०/२१ मा आइपुग्दा ३८.६० प्रतिशतमा झरेको देखिएको छ ।

अझै पनि ठूलो मात्रामा अनौपचारिक अर्थतन्त्र रहनुमा राष्ट्रिय लेखाले नसमेटेका वा समेट्न नमिल्ने पक्षमा अर्थतन्त्रको आकार ठूलो देखिएको विज्ञहरू बताउँछन् ।

यस अध्ययनमा संलग्न राष्ट्रिय तथ्यांक कार्यालयका तत्कालीन निर्देशक ईश्वरीप्रसाद भण्डारीका अनुसार गणना गर्न सम्भव नहुने धेरै क्षेत्रका कारण अनौपचारिक अर्थतन्त्रको आकार ठूलो देखिने गर्छ ।

**घरजग्गा र कृषिमा ठूलो हिस्सा**

नेपालमा घरजग्गा र कृषि क्षेत्रमा सबैभन्दा धेरै अनौपचारिक अर्थतन्त्रको हिस्सा रहेको देखिएको छ । तथ्यांकअनुसार घरजग्गामा ९९.९७ प्रतिशत अनौपचारिक अर्थतन्त्रको हिस्सा देखिएको छ । यो पछिल्लो १० वर्षको औसतका आधारमा देखिएको हो ।

कृषि, वन र मत्स्यपालनमा ९६.४८ प्रतिशत हिस्सा छ । भोजन तथा आवासमा ५०.४२ प्रतिशत हिस्सा अनौपचारिक छ । कार्यालयका पूर्वनिर्देशक तथा तथ्यांक जानकार भण्डारीका अनुसार नेपालमा देशभरि रहेका घरजग्गाले अर्थतन्त्रमा गरि रहेको योगदानका गणना नै भएको छैन । अहिले हुने घरजग्गा किनबेच र घरभाडा कारोबार कुल घरजग्गा अर्थतन्त्रको एक प्रतिशत पनि छैन । सोहीकारण घरजग्गामा शतप्रतिशत हिस्सा अनौपचारिक देखिएको हो 'देशभरि रहेका झुपडी देखि महलसम्मले अर्थतन्त्रमा गर्ने योगदानको जीडीपीमा गणना नै हुन सकेको छैन,' उनले भने, 'सोहीकारण घरजग्गाको हिस्सा सबैजसो अनौपचारिक देखिन्छ ।'

अचल सम्पत्ति एवम् आवास सेवा उपभोग र घरजग्गा कारोबार क्षेत्रअन्तर्गत स्वामित्व वा भाडामा दिइएको सम्पत्ति, शुल्क वा सम्झौता अचल सम्पत्तिका गतिविधि, घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवा अध्ययनमा समावेश गरिएको छ । यस क्षेत्रको प्रकृतिका कारण अधिकांश हिस्सा घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवा पर्छन् । जसलाई यो अध्ययनमा अनौपचारिक अर्थतन्त्र मानिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कोरोनाको ४० लाख खोप इट्टाभट्टामा हालेर नष्ट गरिँदै



काठमाडौं/कोरोना भाइरसविरुद्धको सिनोभ्याक खोपको ४० लाख मात्रा इट्टा भट्टामा राखेर नष्ट गर्ने तयारी गरिएको छ ।

चीन सरकारले नि:शुल्क दिएको खोप बुस्टर डोजका रुपमा प्रयोग गर्न नमिल्ने भएपछि सरकारले नष्ट गर्ने तयारी गरेको हो ।

चीन सरकारको अनुदानमा २०७८ वैशाख १२ र १४ गते दुई पटक गरी ४० लाख खोप नेपाललाई प्राप्त भएको थियो ।

साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा यी खोप थन्किएको उक्त खोपको म्याद पुस ७ मा सकिएको छ ।

खोपको म्याद पनि गुज्रिसकेकाले सरकारले नष्ट गर्न लागेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । 'सिनोभ्याक खोप बुस्टर डोजका लागि प्रयोग गर्न मिलेन । पहिलो र दोस्रो डोजका लागि प्रयोग गर्न सकिएन,' डा. बुढाथोकीले भने, 'अब नष्ट गर्ने तयारीमा छौं ।'

डा. बुढाथोकी अनुसार खोप मेसिन हालेर निर्मलीकरण वा अत्याधिक तापक्रम (इट्टाभट्टा) हालेर नष्ट गर्ने तयारीमा छलफल चलिरहेको छ । शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि चीन सरकारको दबाबकै कारण उक्त खोप ल्याउन नेपाल बाध्य भएको थियो ।

विश्व स्वास्थ्य संगठनले (डब्लुएचओ) ले त्यसबेला सिनोभ्याकको सट्टा फाइजरको खोप लगाउन सुझाव दिएको थियो । डब्लुएचओले सिनोभ्याक खोप बुस्टर डोजका लागि उपयुक्त नभएको भनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले खोप नलगाउने निर्णय गरेको थियो ।

तत्कालीन समयमा अधिकांश मानिसले खोपको विश्वसनीयतालाई हेरी मोडेर्ना, कोभिसिल्ड तथा फाइजर खोप लगाएका थिए । जसका कारण सिनोभ्याक खोप प्रयोगमा आएको थिएन । विज्ञहरुले भने यति ठूलो मात्राको खोप खेर फाल्नु गम्भीर लापरबाही भएको बताएका छन् । अनुदानमा आएको खोप खेर मात्रै गएन, खोप व्यवस्थापनका लागि राज्यको ढुकुटीबाट करोडौं खर्च भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'राम नाम सत्य'बाट निर्देशनमा डेब्यु गर्दै माइकल

काठमाडौं/अभिनेत्री शिल्पा मास्केको करिअर सुखद् बन्न सकेको छैन । निरन्तर फिल्ममा काम गर्दै आएको भए पनि व्यावसायिक सफलता उनीबाट टाढै छ । फिल्म 'कागजपत्र'बाट उनको डेब्यू भयो । रिलिजको हिसाबले भने पहिलो फिल्म 'द ब्रेकअप' हो । तर, यी दुवै असफल भए । तेस्रो फिल्म 'सानो मन'ले पनि उनलाई निराश नै तुल्यायो । यद्यपि, उनले अभिनयमा सम्भावना देखाएकी थिइन् ।

गत असारमा प्रदर्शन भएको फिल्म 'परस्त्री'बाट उनलाई ठूलो अपेक्षा थियो । भारत प्रदर्शनले गर्दा फिल्मको चर्चा पनि राम्रो थियो । तर, कथावाचनमा चुकेको फिल्मले उनलाई पुन: असफलता दिलायो । यद्यपि, उनले कामको प्रशंसा बटुलिन् । यतिबेला उनीसँग नयाँ फिल्म रहेको जानकारीमा छैन । फिल्म क्षेत्रमा बलेको आगो ताप्ने प्रचलनले उनीजस्ता कलाकार गुमनामको अवस्थामा छन् ।

शिल्पाको सुन्दरताका कारण पनि प्राय: चर्चा हुने गरेको छ । उनले मंगलबार इन्स्टाग्राममा सेअर गरेको मगर पहिरनको तस्वीरमा पनि उनको सुन्दरता खुलेको छ । आफूलाई मगर पहिरनमा देखेर आमाले गर्व महसुस गरेको उनले उल्लेख गरेकी छन् । उनको आमा-बुबाको अन्तरजातीय विवाह भएको हो । आमा मगर समुदायको भएकाले उनलाई मगर पहिरनप्रति बेग्लै लगाव देखिन्छ ।

शिल्पासँग हलिउड र बलिउड फिल्ममा काम गरेको पनि अनुभव छ । उनले हलिउड फिल्म 'डाक्टर स्ट्रेन्ज' र 'मिसन इम्पोसिबल : फलआउट'सँगै नेटफ्लिक्स सिरिज 'द क्राउन' र बलिउड फिल्म 'गोल्ड'मा काम गरेकी छन् । उनले 'फूलबारी', 'लाइफ इन एलए', 'कठपुतली' आदि फिल्ममा पनि छोटो भूमिकामा काम गरेकी छन् । तर अझै उनको करिअर सन्तुलित बन्न सकेको छैन ।

# 'ऐंचो पैंचो'पछि 'पिताम्बर' बनाउँदै कृषा

काठमाडौं/१५ वर्ष फिल्म निर्माणको अनुभवपछि कृषा चौलागाईंले 'ऐंचो पैंचो'बाट निर्देशनमा डेब्यू गरेकी थिइन् । अब उनी अर्को नयाँ फिल्म निर्देशनको तयारीमा जुटेकी छन् । यही माघ अन्तिम साताबाट छायांकन गर्न लागिएको फिल्मका लागि यतिबेला कृषा छायाँकार पुरुषोत्तम प्रधान, लेखक प्रदीप भारद्वाज र अभिनेता प्रमोद अग्रहरीको साथमा तराईका विभिन्न ठाउँमा 'लोकेशन' हेरिरहेकी छन् ।

'पिताम्बर' शीर्षक तय गरिएको फिल्मको दुई चरणमा छायांकन हुनेछ । केही दृश्य हुस्सुमा खिचनुपर्ने भएकाले माघमा छायांकनको तयारी गरिएको हो । दोस्रो चरणको छायांकन भने फागुनपछि अर्थात् गर्मीयाममा गरिने जनाइएको छ ।

प्रदीप भारद्वाजको लेखन रहेको फिल्ममा निर्देशक कृषा स्वयंको निर्माण रहनेछ । फिल्मका लागि अडिसनबाट केही बाल कलाकार छनोट भैसकेका छन् ।

कृषा 'पिताम्बर'मा कलाकारको 'लाइनअप' बलियो बनाउने सोचमा देखिएकी छन् । त्यसका लागि उनले अहिलेका 'स्टार' नायक-नायिकालाई फिल्म अफर गरेकी छन् । केहीबाट 'ग्रीन सिग्नल' पनि मिलेको छ । काठमाडौं फर्किएपछि कृषा कलाकारहरुसँग कागजी सम्झौता गर्ने तयारीमा छिन् । प्रमोद अग्रहरी र कामेश्वर चौरासिया भने मुख्य भूमिकामा अनुबन्ध भैसकेको जनाइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हाँडीखोलामा कोल्डस्टोर निर्माण हुने

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ मकवानपुरको मनहरी गाउँपालिका-३ हाँडीखोलामा कोल्डस्टोर निर्माण हुने भएको छ। मनहरी गाउँपालिकाको ६ करोडभन्दा बढी रकम लगानीमा कोल्डस्टोर निर्माण गर्न लागेको हो।

तरकारी उत्पादनको लागि पकेट क्षेत्र मानिने हाँडीखोलामा गाउँपालिकाले बुधबार हिमालयन नमोवुद्ध जेभीसँग ६ करोड २८ लाख ४५ हजारमा कोल्डस्टोर निर्माण गर्ने सम्झौता गरेको छ। गत जेठ २ गते नै गाउँपालिकाले कोल्ड स्टोर निर्माणका लागि बोलपत्र आह्वान गरेको थियो। गाउँपालिकाको प्राविधिक मूल्यांकन अनुरुप कुल ७ करोड ५७ लाख ९६ हजार लागत अनुमान गरिएकोमा हिमालयन नवोवुद्ध जेभीसँग सबैभन्दा कम ६ करोड २८ लाख ४५ हजारमा ठेक्का सम्झौता भएको थियो।



बोलपत्रमा दोस्रो नम्बरमा परेको कम्पनी हिमाल एमएम जेभीलेले ठेक्का सकार्ने कम्पनीविरुद्ध मुद्दादायर गरेपछि तत्कालीन समयमा सम्झौता हुन सकेको थिएन। गत माघ ५ गते अदालतले सो रिट निवेदन खारेज गरेपछि गाउँपालिकाले बुधबार कम्पनीसँग सम्झौता गरेको हो। २ वर्षभित्र काम सक्याउने गरी सम्झौतापत्रमा हस्ताक्षर भएको मनहरी ३ का वडाध्यक्ष अनन्तप्रकाश अर्यालले जानकारी दिए। मुद्दाका कारण सम्झौता नै ढिलाई भएको बताउँदै अर्यालले तोकिएको समयभित्रै काम सम्पन्न गर्न ठेकेदारलाई निर्देशन दिए।

गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले हाँडीखोलामा कोल्ड स्टोर निर्माण गर्ने निर्वाचन अघिकै योजना रहेकोमा त्यो पूरा हुन लागेको बताए। हाँडीखोलामा उत्पादन हुने तरकारी तथा बालीले उचित मूल्य नपाउँदा किसानहरु मर्कामा पर्ने गरेको बताउँदै अध्यक्ष कालाखेतीले कोल्ड स्टोर निर्माणपछि किसानले तरकारी तथा खेतीबाली भण्डारण गरी उचित समयमा बिक्री गरी राम्रो मूल्य पाउन सक्ने बताए।

कोल्डस्टोर निर्माणको लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा ३ करोड २० लाख रुपैयाँ बिनियोजन गरेको छ। आगामी वर्ष थप बजेटको व्यवस्था गरी कोल्ड स्टोर निर्माण पूरा गर्ने गाउँपालिकाको योजना छ। मनहरी गाउँपालिका वडा नं ३ हाँडीखोलामा कोल्ड स्टोर निर्माण भएपछि त्यस क्षेत्रमा उत्पादित तरकारीको भण्डारण गर्ने र उचित मूल्य प्राप्त भएपछि मात्रै बिक्री गर्ने सुविधा किसानले पाउनेछन्।

# अधुरा योजनालाई प्राथमिकता दिन मुख्यमन्त्रीको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशभित्रका अधुरा योजनालाई प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिएका छन्।

प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले बिहीबार आयोजना गरेको अर्धवार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै बहुवर्षीय प्रादेशिक अधुरा योजना तत्काल पूरा गर्नतर्फ निर्देशन दिएका हुन्। 'कतिपय योजना अलपत्र छन्, ती योजना पुरा गर्नुस्।', मुख्यमन्त्रीले भने। अधुरा योजना सम्पन्न भएपछि मात्रै नयाँ योजना बनाउन आग्रह गर्दै अधुरा योजनाले गर्दा भुक्तानीमा समेत समस्या उत्पन्न हुँदै गएको बताए।

उनले ग्रामीण क्षेत्रमा सडक विस्तारमा प्रदेश सरकार अग्रसर रहेको भन्दै परिणाममुखी काम गर्नुपर्नेमा जोड दिए। 'हिजोको जस्तो अवस्था छैन, अहिले धेरै नै विकास हुँदै गएको छ।', मुख्यमन्त्री जम्कट्टेलले भने। आवश्यक नीति र योजना सरकारले बनाइरहेकाले कार्यान्वयनमा कर्मचारीको कार्य सम्पादनको मूल्यांकन सरकारले गरि रहेको उनले बताए। काममा समस्या हुने भएकाले कर्मचारी सरुवा नगर्ने पनि उनको भनाई छ।

प्रदेशको ठूलो बजेट रकम भौतिक मन्त्रालय मातहतका कार्यालयमा हुने भएकाले प्रदेश सरकारको परिणामुखी नतिजा पनि पूर्वाधार विकास कार्यालयबाट नै हुनुपर्ने उनको जोड छ। मन्त्रालयका सचिव अमृत श्रेष्ठको अध्यक्षतामा भएको समीक्षा कार्यक्रममा भौतिक पूर्वाधार मन्त्री युवराज दुलाल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. नरविक्रम थापालगायतको आतिथ्यता थियो। कार्यक्रममा प्रदेशभित्र रहेका ८ वटा पूर्वाधार विकास कार्यालय क्षेत्रका प्रगति विवरण प्रस्तुत गरिएको थियो भने मन्त्रालय मातहतका आयोजना र निर्देशनालयको समेत प्रगति विवरण प्रस्तुत गरिएको थियो।

# रानी सामुदायिक वन व्यवस्थापन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ हेटौडा उपमहानगरपालिका-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले बिहीवारदेखि वन व्यवस्थापन कार्य सुरु गरेको छ।

समूहको चालु आव. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वन व्यवस्थापनको कार्य सुरु गरिएको हो। रानी सामुदायिक वन गणेशमान सिंह वन संरक्षण प्रथम पुरस्कार प्राप्त गर्न सफल वन हो। समूहले ब्लक नम्बर ७ बाट वन व्यवस्थापनको सुरुवात गरेको हो। यसवर्ष १५ हेक्टर क्षेत्रफलमा वन व्यवस्थापन गरी ३ सय घरधुरीलाई दाउरा वितरण गर्ने योजना रहेको समूहका उपाध्यक्ष एवम वन व्यवस्थापन उपसमितिका संयोजक केशव धितालले जानकी दिएका छन्।

उपभोक्ताको काठदाउराको मागलाई पूरा गर्न, वनको उत्पादकत्व बढाउन, वनको सौन्दर्यता बढाउन वन ब्यवस्थापनको काम गरेको समूह अध्यक्ष विष्णुप्रसाद न्यौपानेले बताए। यस कार्यको लागि समूहले डिभिजन वन कार्यालय, मकवानपुरसँग सम्झौता गरेको छ। रानी सामुदायिक वन समूहले उपभोक्ताको दाउराको मागलाई पूरा गर्न र वनको उत्पादकत्व बढाउन गरेको काम उदाहरणीय रहेको सव डिभिजन वन कार्यालय, हेटौडाकी वन अधिकृत सविना रिजालले बताएकी छन्।

# एम्बुलेन्स चालकलाई जलनको प्राथमिक उपचार तालिम




साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/ मकवानपुरमा रहेका एम्बुलेन्स चालकलाई जलनको प्राथमिक उपचारसम्बन्धी एकदिने उपचार तालिम प्रदान गरिएको छ।

रोट्रयाक्ट क्लब अफ मकवानपुरको आयोजना तथा कीर्तिपुर अस्पताल काठमाडौंको प्राबिधिक सहयोगमा तालिम संचालन गरिएको हो। रोटरी क्लब अफ मकवानपुर, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, एम्बुलेन्स इकाई कमिटी, हेटौंडा मकवानपुरको सहयोगमा भएको तालिम कार्यक्रममा १५ जना एम्बुलेन्स चालकको उपस्थिति रहेको थियो।

तालिम सहजकर्ता तथा प्रशिक्षक कीर्तिपुर अस्पतालका सिनियर कार्यक्रम म्यानेज डाक्टर हेमन्तध्वज जोशी र डाक्टर कैलाश खाकी श्रेष्ठले आगोले पोल्ने समस्याबारे रोकथाम, आगोले पोलेमा गरिने प्राथमिक उपचार र बच्ने उपायबारे प्रशिक्षण दिएका थिए।

पोलेका घाउको समस्या हुँदा धेरै महँगो उपचार, लामो समय अस्पतालमा भर्ना भएर बस्नु पर्ने, ज्यान समेत जान सक्ने र मृत्यु भएन भने पनि अङ्गभङ्ग र कुरुप हुने जस्ता समस्या हुने उनले बताए। प्रत्येक वर्ष जलनको बिरामी बढ्दै गएको र नेपालमा आगोले पोलेको समस्याको ५६ हजार बिरामी रहेको र २२ सयको मृत्युनै हुने गरेको डाक्टर जोशीले बताए।

रोट्र्याक्ट क्लब मकवानपुरका अध्यक्ष राजन कटुवालको सभाअध्यक्षतामा भएको कार्यक्रममा कीर्तिपुर अस्पतालका सिनियर कार्यक्रम म्यानेजर डाक्टर हेमन्तध्वज जोशी, डाक्टर कैलाश खाकी श्रेष्ठ, रोटरी क्लब अफ मकवानपुरका सचिव मनोज ढोडारी, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन एम्बुलेन्स इकाई कमिटी हेटौंडाका अध्यक्ष जनार्दन नेपाल लगायतको उपस्थिति थियो।

# थाहामा वडास्तरीय फुटबलको सेमिफाइनल खेल आज

साझाकुरा संवाददाता

हेटौंडा, ११ माघ/थाहा नगरपालिका वडास्तरीय फुटबल प्रतियोगिताको क्वाटरफाईनल चरणको खेल सकिएको छ। शुक्रबार सेमिफाइनल चरणको खेल हुने खेलकुद विकास समिति थाहा-९ चितलाङका अध्यक्ष अमरसिंह ठकुरीले बताए।

थाहानगर खेलकुद विकास समितिको आयोजना तथा वडा नम्बर ९ खेलकुद विकास समितिको व्यवस्थापनमा बुधबारदेखि सुरु भएको थाहा नगरपालिका वडास्तरीय फुटबल प्रतियोगितामा बिहिबार भएको क्वाटर फाइनल चरणको पहिलो खेल वडा नम्बर ८ र ११ बीच भएको थियो। यस खेलमा वडा नम्वर ११ ले वडा नम्बर ८ लाई २-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थियो। यस खेलको म्यान अफ द म्याच वडा नम्बर ११ का रोशन बल भएका थिए।

त्यस्तै क्वाटर फाइनल चरणको दोस्रो खेलमा वडा नम्बर ७ ले वडा नम्बर १२ लाई ५-१ गोल अन्तरले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ। यस खेलको म्यान अफ द म्याच वडा नम्बर ७ का शुभराज गोले भएका थिए। उनले खेलमा ३ गोल गरेका थिए। क्वाटरफाईनल चरणकै तेस्रो खेलमा वडा नम्बर १ ले वडा नम्बर ४ लाई १-० गोल अन्तरले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ। यस खेलको म्यान अफ द म्याच वडा नम्बर १ का मनिष अमात्य भएका थिए।

सेमिफाइनल अन्तरगत शुक्रवार पहिलो खेल वडा नम्बर ३ र ७ बीच र दोस्रो खेल वडा नम्बर १ र ११ का बीच हुने खेलकुद विकास समिति थाहा-९ चितलाङका अध्यक्ष ठकुरीले बताए।

माघ १३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा प्रथम हुने टिमलाई नगद १ लाख र दोश्रो हुने टिमलाई नगद ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने रायमाझीले जानकारी दिए। प्रतियोगितामा विधागत उत्कृष्ट खेलाडीलाई पनि पुरस्कारको व्यवस्था भएको आयोजकले जनाएको छ।

## नेपाल खाद्य वैज्ञानिक तथा प्राविधिज्ञ संघ

**प्रेस विज्ञप्ति**

यहि मिति २०८० साल माघ ७ गते आइतबारका दिन खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौँडाका प्रमुख, बरिष्ठ खाद्य वैज्ञानिक तथा बरिष्ठ खाद्य अनुसन्धान अधिकृत डा. क्षितिज श्रेष्ठ र खाद्य निरिक्षक दिपक घिमिरे लगायतका कर्मचारी माथि कार्यालयमै कुटपिट भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। उक्त घटनाप्रति नेफोष्टा नारायणी च्याप्टरको गम्भिर ध्यानाकर्षण भएको छ। यस्तो सुनियोजित ढङ्गले हातपात तथा कुटपिट गर्ने कुराको हामी घोर भर्त्सना गर्दछौं। उक्त घटनालाइ हामीले डा. क्षितिज श्रेष्ठ लगायतका कर्मचारी माथिको मात्र आक्रमण नभई सिङ्गो खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौडा माथि तथा सम्पुर्ण खाद्य वैज्ञानिकहरु माथिको सौतिक हमलाको रुपमा लिएका छौं। तसर्थ यस्ता घटनामा संलग्न व्यक्तिहरुमाथि यथाशिघ्र कडा भन्दा कडा कारबाही गर्नका लागि अनुरोध गर्दछौं।

.......................

**खड्ग पौडेल**
**बरिष्ठ खाद्य वैज्ञानिक**
**अध्यक्ष, नेफोष्टा नारायणी च्याप्टर**

## मोटरसाइकल हरायो

मिति २०८० साल माघ २ गते बागमती गाउँपालिका वडा नं १ माझगाउँ भन्ने ठाउँमा माघे संक्रान्तिको शुभपर्वमा लागेको माझगाउँ मेला हेर्न जाँदा पार्किङ्ग गरि राखेको अवस्थाबाट करिव राति १२:०० बजे मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ।

**मोटरसाइकल नम्बर:** प्रदेश नं. २-०२-००४ प ८९७२
**मोटरसाइकल धनीको नाम:** पविन बहादुर विश्वकर्मा, कमलामाई न.पा.-१, सिन्धुली
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** सेतो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A13EX8MCD86662
**इन्जिन नम्बर:** DKXCMD04763
**सम्पर्क फोन नम्बर:** ९८०७८५९२८१, ९८४३६२८२६

## हेटौडा उपमहानगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
**हेटौडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल।**

## बसपार्क स्थित पसल तथा स्टलको सटर भाडा नबुझाउनेलाई कारबाही सम्बन्धी सूचना !

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा हेटौंडा-१० बसपार्क क्षेत्रमा रहेको कोठा, सटर तथा स्टलहरुमा व्यवसाय संचालनको लागि सम्बन्धित व्यक्तीहरुसंग वहाल संझौता गरी तोकिएबमोजिमको भाडा (बहालबिटौरी दस्तुर) संकलन गर्दै आएकोमा,

कार्यालयसँग पूर्व स्विकृती नलिई सटर, स्टल तथा कोठाहरु अन्य व्यक्तीहरुलाई संचालन गर्न दिइएको र विगत लामो समयदेखि कार्यालयलाई बुझाउनु पर्ने सटर भाडा रकमसमेत नबुझाएको यस सम्बन्धमा कार्यालयबाट पटक पटक पत्राचार गर्दा समेत सम्पर्क हुन नसकेकोले कार्यालयको मिति २०८०/१०/०४ को निर्णय अनुसार तपसिलका भाडामा लिएका व्यवसायीले कार्यालयलाई बुझाउनु पर्ने बाकी/बक्यौता रकम सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र बुझाउनु हुन सम्बन्धीत व्यवसायीहरुलाई जानकारी गराइन्छ। उक्त समयावधीभित्र रकम दाखिला नगरेमा प्रचलित कानूनबमोजिम सटर खाली गराइने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**तपसिल :-**

| क्र.स. | कोठा/स्टल/सटर नं. | व्यवसायीको नाम, थर | ठेगाना | बक्यौता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११-०१-५१ | साधु सहनी | हेटौडा-१० | २७१५६७।८० | |
| २ | ११-०१-५२ र ५३ | सरिताकुमारी यादब | हेटौडा-१० | २७८५३५।६० | |
| ३ | ११-०१-५८ | श्रवण कुमार सहनी | हेटौडा-१० | ३०३७२८।०० | |
| ४ | ११-०१-६१ | भिखारी सहनी | हेटौडा-१० | २०८८५३।०० | |
| ५ | ११-०६-१७ | काशीराम खराल | हेटौडा-१० | ८८३७८।०० | |
| ६ | ११-०६-०८ | गोबिन्दबहादुर महत | हेटौडा-१० | २००५९७।२५ | |

**राजश्व प्रशासन शाखा**
**हेटौडा उपमहानगरपालिका**


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

## अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा।
- रोड टेस्ट गराइन्छ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९



## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने।
- हानिकारक धुवाँको असर नहुने।
- १२ प्रकारका घरायसी मसलायुक्त।
- तत्काल खान मिल्ने।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको।

## सुदिन प्याकेजिङ्ग उद्योग
**हेटौंडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना